मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**सिराहा**

## प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशितः मिति २०८१/११/२९)**

यस विज्ञ केन्द्रको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका कार्यक्रम संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा सम्बन्धित कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि अनुरुप तपसिल बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/उद्यमी/व्यवसायिक फार्महरुले देहाय बमोजिमका कागजात सहित १५ औं दिन (मिति २०८१/१२/१४ गते) सम्म कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८ र कार्यक्रम संयोजक अधिकृत छैठौं, (ला.पो.डे.डे.) श्री विरेन्द्र कुमार यादवलाई मोबाईल नं. ९८४२९६६७२३/९८१३३१२२२८ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल:

**कार्यक्रमको विवरण**

| क्र. सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | कुल अनुदान रकम रु. | प्रति कार्यक्रम अनुदान रकम (रु.) | लागत साझेदारी | साझेदार अनुदानग्राही | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|---|---|
| १ | मत्स्य उत्पादकत्व वृद्धि कार्यक्रम | पटक | १ | ५० लाख | कार्यालयको निर्णय अनुसार | ५०% | कृषक/निजि फार्मको हकमा कम्तिमा १० कठ्ठा जलाश्य क्षे./ सहकारीको हकमा कम्तिमा १ विघा जलाश्य क्षे. | |
| २ | सिराहा जिल्लाको दक्षिण तर्फ माछापालन कार्यक्रम | पटक | १ | ५० लाख | कार्यालयको निर्णय अनुसार | ५०% | मत्स्य पालक कृषक तथा मत्स्य फार्महरु | |
| ३ | पशु आहरा आत्मनिर्भर कार्यक्रम | पटक | ४ | १५ लाख | आ.अ. | ५०% | कृषक/फर्म/ समुह/सहकारी | |
| ४ | पशु असल अभ्यास कार्यक्रम | पटक | १ | ५ लाख | कार्यालयको निर्णय अनुसार | ५०% | व्यवसायिक गाई भैंसी फार्म | |
| ५ | दुध जोन कार्यक्रम | संख्या | १ | २० लाख | २० लाख | ५०% | पशुपालनमा आवद्ध समुह/ सहकारी/दुध संकलन केन्द्र | कम्तिमा दैनकि २० हजार लिटर दुध उत्पादन हुने क्षेत्र खुलाईएको स्थानीय तहको सिफारिस पत्र। |
| ६ | मागमा अधारित पशुपंछी फार्महरु पुन:स्थापना तथा सुधार कार्यक्रम | पटक | १ | २० लाख | कार्यालयको निर्णय अनुसार | ५०% | व्यवसायिक पशुपन्छी तथा मत्स्य फार्म | प्राकृतिक प्रकोपबाट हानी नोक्सानी भएको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र। |
| ७ | Inspiring farmer पहिचान तथा प्रबर्द्धन कार्यक्रम | पटक | १ | २५ लाख | कार्यालयको निर्णय अनुसार | ५०% | व्यवसायिक पशुपन्छी तथा मत्स्य फार्म | |

आवश्यक कागजातहरु

१. रु. १० को टिकट टाँस गरी फा.न. २ अनुसारको प्रस्ताव/आवेदन,
२. व्यक्तिको हकमा निजको र कानून बमोजिम दर्ता भएका समूह, सहकारी, व्यवसायिक नीजि फार्मको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. व्यावसायिक फार्म/समूह/सहकारी/नीजि फार्म/उद्योगीको सम्वन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि,
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु,
६. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना,
७. समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि,
८. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको) समेत,
९. अन्य आवश्यक कागजातहरु

**नोटः** माथिको बुंदाहरुमा छुटेको तर कार्यालयबाट माग गरिएको अन्य कुनै कागजातहरु आवेदन पश्चात समेत आवेदकले उपलब्ध गराउनु पर्ने छ।

पुनश्च: सूचना तथा निवेदन/प्रस्तावको ढाँचा विज्ञ केन्द्र, सिराहाबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईटः vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ।